तिलोत्तमा नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ९) तिलोत्तमा, माघ महिना २८ गते २०८२ साल (संख्या ८

## भाग : २

## तिलोत्तमा नगरपालिका

तिलोत्तमा नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**कार्यविधिको नाम : तिलोत्तमा नगरपालिकाको लैङ्गिक हिंसा निवारण कोष सञ्चालन र लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य मञ्च गठन र परिचालन सम्बन्धी कार्यविधि, २०८२**

**प्रस्तावना:** लैङ्गिक विभेदबाट सृजित लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावित महिला र किशोरीहरूको हक सुनिश्चित गर्न, लैङ्गिक हिंसा न्यूनीकरण गर्न र तत्काल उद्धार, राहत तथा पुनर्स्थापना गरी क्षतिपूर्ति दिलाउनुका साथै स्वास्थ्य, शिक्षा, रोजगारी र सामाजिक सुरक्षाको अवसर दिलाई लैङ्गिक समानता कायम गर्न सहयोग पुऱ्याउने उद्देश्यले कोषको स्थापना गर्न वाञ्छनीय देखिएकोले तिलोत्तमा नगरपालिकाको केही कानून तर्जुमा र व्यवस्थापन गर्न बनेको ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी तिलोत्तमा नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "तिलोत्तमा नगरपालिकाको लैङ्गिक हिंसा निवारण कोष सञ्चालन तथा लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य मञ्च गठन र परिचालन सम्बन्धी कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "कार्यालय" भन्नाले तिलोतमा नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्छ।

(ख) "नगरपालिका" भन्नाले तिलोत्तमा नगरपालिकालाई सम्झनुपर्छ ।

(ग) "प्रमुख" भन्नाले तिलोत्तमा नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

(घ) "उपप्रमुख" भन्नाले तिलोत्तमा नगरपालिको उपप्रमुखलाई सम्झनुपर्छ।

(ङ) "कोष" भन्नाले दफा ३ बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झनुपर्छ ।

(च) "पीडित" भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनुपर्छ ।

(छ) "सञ्चालक समिति" भन्नाले दफा ८ बमोजिमको समिति सम्झनुपर्छ ।

(ज) "लैङ्गिक हिंसा" भन्नाले सार्वजनिक वा निजी जीवनमा लैङ्गिकताको आधारमा कसै प्रति शारीरिक, मानसिक, यौनजन्य क्षति वा पीडा पुऱ्याउने कार्य सम्झनुपर्छ र सो शब्दले अन्य कुनै पनि प्रकारको अपमानजन्य, पीडाजन्य वा धम्कीपूर्ण व्यवहार, दवाव, करकाप वा स्वेच्छाचारी रूपमा महिलालाई स्वतन्त्रताको उपभोग गर्नबाट बञ्चित गर्ने कार्य समेतलाई जनाउँदछ ।

(झ) "नगरस्तरीय मञ्च" भन्नाले लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि नगर स्तरमा काम गर्ने विभिन्न सरोकारवालाहरूको समन्वय र

सहकार्यका लागि गठन भएको साझा मञ्च, समिति लाई सम्झनु पर्दछ।

(ञ) "एकद्वार संकट व्यवस्थापन केन्द्र" भन्नाले नेपाल सरकारले लैङ्गिक हिंसा पीडित तथा प्रभावितका लागि एकद्वारबाट उपलब्ध हुने सेवा तथा सुविधा सहित सञ्चालनमा रहेको केन्द्र सम्झनुपर्छ ।

## परिच्छेद-२

## लैङ्गिक हिंसा निवारण कोष र कोषको लेखापरीक्षण सम्बन्धी व्यवस्था

३. **कोषको स्थापनाः** नगरपालिकामा लैङ्गिक हिंसा निवारण कोष नामको एक कोष रहनेछ ।कोषमा देहाय बमोजिमका रकमहरू रहनेछन् ।

(क) नेपाल सरकार, प्रदेश सरकार बाट प्राप्त हुने रकम ।

(ख) तिलोत्तमा नगरपालिकाबाट प्राप्त हुने रकम ।

(ग) अन्तर्राष्ट्रिय संघसंस्था वा अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम ।

४. **कोषको उपयोगः**

(१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ ।

(क) तत्काल उद्धार गर्न,

(ख) औषधी उपचार गर्न,

(ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउन,

(घ) कानुनी सहायता, मानसिक उपचार तथा मनोपरामर्श सेवा प्रदान गर्न,

(ङ) कुनै व्यवसाय गर्नको लागि बीउपुँजी (सिडमनी) को रूपमा प्रयोग गर्न,

(च) पुनर्स्थापना गराउन,

(छ) पीडितको लागि सञ्चालक समितिले तोके बमोजिमको अन्य काम गर्न, गराउन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक समितिले लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागु पदार्थको दुर्व्यशनमा फसेका वा मानसिक रोगी भई सडकमा आएका व्यक्तिलाई प्राथामिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

**५. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने:** कोषको रकम दफा ४ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

**६. कोषको खाता:**

(१) दफा ३ बमोजिमको कोषमा प्राप्त हुने रकमको परिचालन गर्न नगरपालिकाको नाममा बाणिज्य बैंकमा अलग्गै खाता खोल्नुपर्नेछ ।

(२) उपदफा (१) बमेजिमको खाताको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

**७. कोषको लेखा र लेखापरीक्षण:**

(१) कोषको आयव्ययको लेखा प्रचलित कानुन बमोजिम राखिनेछ ।

(२) कोषको आन्तरिक लेखापरीक्षण नगरपालिकाको आन्तरिक लेखापरीक्षण शाखा र अन्तिम लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुनेछ ।

## परिच्छेद-३

## कोष सञ्चालक समिति सम्बन्धी व्यवस्था

**८. सञ्चालक समितिको गठन:**

(१) लैङ्गिक हिंसा निवारण कोष सञ्चालक समितिको गठन देहाय बमोजिम हुनेछ ।

(क) प्रमुख -संयोजक

(ख) उपप्रमुख -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य

(ङ) प्रमुख, इलाका प्रहरी कार्यालय -सदस्य

(च) कार्यपालिका सदस्य मध्येबाट कार्यपालिकाले तोकेको कम्तिमा एक जना महिला सहित दुई जना -सदस्य

(छ) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा नगरपालिका क्षेत्रमा क्रियाशील गैरसरकारी संस्थामा कार्यरत मध्येबाट सञ्चालक समितिले तोकेको एक जना -सदस्य

(ज) महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख -सदस्य सचिव

(२) सञ्चालक समितिको सचिवालय कार्यालयमा रहनेछ ।

(३) सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

९. **कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः** सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने ।

(ख) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए वा नभएको सम्बन्धमा अनुगमन गर्ने वा गराउने ।

(ग) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ संस्था तथा निकायहरू बिच आवश्यक समन्वय गर्ने ।

(घ) लैङ्गिक हिंसा हुन नदिनको लागि स्थानीय स्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

(ङ) कोष वृद्धिका लागि श्रोत पहिचान गर्ने ।

(च) लैङ्गिक हिंसा निवारण सम्बन्धी अन्य काम गर्ने वा गराउने ।

**१०. समितिको बैठकः**

(१) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) समितिको बैठक बस्नु भन्दा कम्तिमा २४ घण्टा अगावै समितिका सदस्य सचिवले सबै सदस्यहरूलाई बैठक सम्बन्धी सूचना दिनुपर्नेछ ।

(३) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरूको उपस्थिति भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) समितिले बैठकमा आवश्यकता अनुसार कुनै पदाधिकारी, कर्मचारी वा अन्य कुनै विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद-४
## कोष परिचालन सम्बन्धी व्यवस्था

**११. सहयोग रकमको हद र आधारः**

(१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराइनेछ।

(क) पीडितलाई तत्काल उद्धार गर्दा लाग्ने सार्वजनिक सवारी साधनको भाडा रकम, खाना खर्च र बास बस्नु पर्ने भए सो बापत छुट्टै रकम,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नुपर्ने भएमा सार्वजनिक सवारी साधनको भाडा, खाना खर्च, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बढीमा तिन दिनको बास खर्च तथा उपचार खर्च र पीडितसँग आश्रित बालबालिका भए बालबालिकाका लागि पनि सोही दरमा खाना खर्च बापतको रकम ।

(ग) कानुनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोपरामर्शका लागि पाँच हजार रुपैयाँ वा यथार्थ खर्चमध्ये कम हुने रकम ।

(घ) कुनै व्यवसाय गर्नको लागि वस्तुगत तथा नगद अनुदान बापत बढीमा बीस हजार रुपैयाँसम्मको रकम ।

(ङ) पुनर्स्थापनाको लागि बढीमा पाँच हजार रुपैयाँ सम्मको रकम ।

(२) उपदफा (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिब आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा घटनाको प्रकृति र गाम्भिर्यता हेरी समितिले थप रकमको लागि निर्णय गर्न सक्नेछ ।

**१२. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनुपर्नेः**

(१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिब कारण खुलाई वडा कार्यालयको सिफारिस सहित वा न्यायिक समितिको सिफारिस मार्फत सञ्चालक समिति समक्ष अनुसूची-१ को ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नुपर्ने देखिएमा सञ्चालक समितिले दफा ११ को अधिनमा रहि राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

**१३. तत्काल रकम उपलब्ध गराउन सक्नेः**

(१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि पीडितलाई तत्काल उद्धार, औषधी उपचार, पुनर्स्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर मानवीय क्षति हुने देखिएमा सञ्चालक समितिको अध्यक्षले सो प्रयोजनको लागि कोषबाट घटनाको प्रकृतिको आधारमा रू दश हजारमा नबढ्ने गरी तत्काल रकम उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम रकम उपलब्ध गराउने निर्णय भएकोमा उक्त निर्णय लगत्तै बस्ने सञ्चालक समितिको बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

**१४. थप रकम निकासा माग गर्न सक्नेः**

(१) कोषमा रहेको रकम अपर्याप्त भएमा कारण खुलाई सञ्चालक समितिले नगरपालिका, प्रदेश सरकार तथा संघीय सरकार समक्ष थप रकम माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमेजिम थप रकम माग भई आएमा नगरपालिकाले आवश्यकता र औचित्यता हेरी कोषमा थप रकम निकासा दिन सक्नेछ ।

**१५. प्रतिवेदन पेस गर्नेः**

(१) समितिले आफुले सम्पादन गरेका काम कारबाहीको प्रतिवेदन चौमासिक रूपमा कार्यपालिका समक्ष पेस गर्नुपर्नेछ ।

(२) कार्यालयले वार्षिक रूपमा प्रतिवेदन सार्वजनिक गर्नुपर्नेछ ।

## परिच्छेद-५

## लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य मञ्च गठन र परिचालन सम्बन्धी व्यवस्था

**१६. मञ्च गठनको उद्देश्यः**

(१) मञ्च गठनका उद्देश्य देहाय बमोजिम हुनेछन् ।

(क) लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि प्रदेश तथा संघीय स्तरमा समन्वय र सहकार्य स्थापित गरी स्थानीय सेवा प्रदायक र अग्रपङ्तिमा रहेर कार्य गर्ने संघसंस्थाहरूसँग समन्वय गरी सुरक्षित प्रेषण र लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य सेवाहरूको निरन्तरता सुनिश्चित गर्ने ।

(ख) समन्वयात्मक प्रतिकार्य र सूचनाको आदान प्रदान सुनिश्चित गर्दै लैङ्गिक हिंसा पीडितहरूलाई समयमै गुणस्तरीय सेवा उपलब्ध गराउन स्थानीय स्तरमा सरोकारवालाहरूले सामूहिक योगदान गर्ने ।

(ग) लैङ्गिक हिंसाका सबै सेवाहरू पीडित केन्द्रित बनाउने, जस्तै सुरक्षा, मनोसामाजिक परामर्श, कानुनी सहायता, सुरक्षित आवास तथा जीविकोपार्जनका अवसरहरूका लागि स्थानीय स्रोत परिचालन र सम्बन्धित सरोकारवालाहरूसँग समन्वय र सहकार्य गर्ने ।

(घ) लैङ्गिक हिंसा रोकथामका लागि प्राविधिक र व्यवहारिक सहयोग जुटाउँदै स्थानीय नीति तथा कार्यक्रम निर्माणमा नगरपालिकालाई रचनात्मक पृष्ठपोषण गर्ने ।

(ङ) तिलोत्तमा नगरपालिकाको लैङ्गिक हिंसा न्युनिकरण कोष व्यवस्थापन तथा परिचालनमा सहयोग तथा सहजीकरण गर्ने ।

**१७. मञ्चको गठनः**

(१) नगरपालिकामा लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि देहाय बमोजिमको १७ सदस्यीय लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य मञ्च रहनेछ ।

(क) उपप्रमुख -संयोजक

(ख) न्यायिक समितिको सदस्य दुई जना -सदस्य

(ग) कार्यपालिकाले तोकेको एक जना महिला कार्यपालिका सदस्य -सदस्य

(घ) नेपाल प्रहरीको महिला बालबालिका तथा जेष्ठ नागरिक केन्द्रको फोकल पर्सन एक जना -सदस्य

(ङ) जिल्ला अस्पताल, एकद्धार संकट व्यवस्थापन केन्द्र वा स्थानीय स्तरको स्वास्थ्य केन्द्र मध्येबाट एक जना प्रतिनिधि -सदस्य

(च) सामुदायिक विद्यालय मध्येबाट समितिले तोकेको एक जना -सदस्य

(छ) पुनर्स्थापना केन्द्र वा सेफ हाउसबाट समितिले तोकेको एक जना -सदस्य

(ज) लैङ्गिक हिंसा, महिला सशक्तिकरण, किशोर/ किशोरी, जीविकोपार्जन, मनोविमर्श, कानुनी परामर्श तथा अपाङ्गताको क्षेत्रमा कार्य गर्ने संघसंस्था र एकल महिला संघ, महिला सञ्जाल, आमा समूह, पुरुष सञ्जाल, यौनिक तथा लैङ्गिक अल्पसंख्यक मध्येबाट समितिले तोकेको छ जना प्रतिनिधि -सदस्य

(झ) स्थानीय युवा क्लब वा युवाहरूबाट महिला र पुरुष गरि दुई जना -सदस्य

(ञ) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख -सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठन भएको मञ्चको संस्थागत रुपमा प्रतिनिधित्व गर्ने जनप्रतिनिधि बहाल रहुञ्जेल र बाँकी सदस्यको कार्यकाल तीन वर्षको हुनेछ ।

**१८. मञ्चको कार्यक्षेत्र र जिम्मेवारीः**

(१) मञ्चको कार्यक्षेत्र र जिम्मेवारी देहाय बमोजिम हुनेछ ।

(क) लैङ्गिक हिंसा सम्बन्धी स्थानीय स्तरको कार्यक्रमलाई प्रभावकारी ढंगले अनुगमन गर्न सहजीकरण र समन्वय गर्ने ।

(ख) प्रदेश स्तरीय लैङ्गिक हिंसा रोकथाम प्रतिकार्य समन्वय मञ्च र समुदाय स्तरका सरोकारवाला तथा लक्षित वर्गसँग सान्दर्भिक विषय तथा कामको लागि समन्वय गर्ने ।

(ग) स्थानीय तहबाट सञ्चालन गरिने लैङ्गिक हिंसा सम्बन्धी कार्यक्रम तथा सेवामा प्राविधिक सहयोग प्रदान गर्ने ।

(घ) नगरपालिकास्तरमा लैङ्गिक हिंसा रोकथाम र प्रतिकार्यको लागि पीडित तथा प्रभावित केन्द्रित अवधारणाको पैरवी गर्ने ।

(ङ) लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि समूदायलाई सशक्त बनाउन आवश्यक भूमिका निर्वाह गर्ने ।

(च) लैङ्गिक हिंसा रोकथाम र प्रतिकार्यका लागि समुदायस्तरमा भएका असल अभ्यासहरूलाई निरन्तरता दिन पहल र सहजीकरण गर्ने ।

(छ) आपतकालीन अवस्थामा लैङ्गिक हिंसा रोकथाम र समयमै प्रतिकार्य सुनिश्चित गर्न सम्पर्क बिन्दुको रूपमा कार्य गर्ने ।

(ज) लैङ्गिक हिंसा विरुद्धका अभियानमूखी कार्यक्रमहरूमा सहयोग गर्ने ।

(झ) नगरपालिकामा स्थापना गरिएको लैङ्गिक हिंसा निवारण कोषको परिचालनमा सहजीकरण गर्ने ।

(२) सदस्यहरूले आ-आफ्नो क्षेत्रमा भईरहेका गतिविधि र कार्यक्रमबारे जानकारी दिने थलोको रूपमा समितिलाई प्रयोग गर्न सकिनेछ । साथै लैङ्गिक हिंसा सम्बन्धी तथ्याङ्क अद्यावधिक गर्ने र सेवा नक्सांकनको समीक्षा जस्ता विषयहरूमा छलफल गर्ने माध्यमको रूपमा पनि उपयोग गर्न सकिनेछ ।

(३) समितिले बैठकहरूमा प्राप्त अद्यावधिक जानकारीको आधारमा प्रतिवेदन वा सारांश सङ्कलन गर्न सक्नेछ ।

(४) समितिलाई सुझाव दिन विशेषज्ञ वा प्राविधिकलाई आमन्त्रण गर्न सकिनेछ ।

**१९. मञ्चको बैठक, विस्तार तथा परिचालनः**

(१) मञ्चको नियमित बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) मञ्चले कार्ययोजना निर्माण र कार्यान्वयनका लागि आवश्यक सहजीकरण र समन्वय गर्नेछ ।

(३) मञ्चले आफूले सञ्चालन गरेका क्रियाकलाप बारे प्रतिवेदन वा समीक्षा गरी स्थानीय सभा, अन्य सरोकारवालाहरू र लैङ्गिक हिंसा न्यूनीकरण समन्वय समिति जस्ता निकायहरूमा पेश गर्न सक्नेछ ।

(४) वडास्तरमा मञ्चका गतिविधिहरू विस्तार गर्न आवस्यक भएमा नगर कार्यपालिकाको बैठकबाट निर्णय गरी विस्तार गर्न सकिनेछ ।

**२०. मञ्चको सचिवालयः**

(१) मञ्चको सचिवालय नगरपालिकाको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखामा रहनेछ ।

(२) मञ्चको काम कारबाही सम्बन्धी सम्पूर्ण अभिलेख सचिवालयले राख्नेछ ।

(३) समितिको सदस्यहरूको बैठक भत्ता र अन्य सुविधा नगरपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-६

## विविध

२१. **निर्देशन दिन सक्नेः** कार्यपालिकाले सञ्चालक समिति र मञ्चको काम कारबाहीको सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ ।

२२. **संशोधन गर्न सकिनेः** यस कार्यविधिमा आवश्यक परेमा कार्यपालिकाले आवश्यक संशोधन वा हेरफेर गर्न सक्नेछ ।

२३. **बचाउः** लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य मञ्च गठन र परिचालन सम्बन्धमा नगरपालिकाबाट यस अघि भएका काम कारबाहीहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची-१

दफा १२ को उपदफा (१) सँग सम्बन्धित

मितिः २०...... ।     ।

श्री संयोजकज्यू,
लैङ्गिक हिंसा निवारण कोष सञ्चालक समिति,
तिलोत्तमा नगरपालिका, रूपन्देही ।

**विषयः <u>सहयोग उपलब्ध गराई पाउँ ।</u>**

म...............................मा बस्ने वर्ष............ को.................. मिति...................... मा लैङ्गिक हिंसाबाट पीडित/प्रभावित भएको छु । मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको छ । म माथि .......................... लैङ्गिक हिंसा भएको कारणले मेरो मानसिक/शारीरिक/सामाजिक अवस्था कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधी उपचार/कानुनी सहायता, परामर्श/उद्धार/मनोविमर्श/स्वरोजगार/पुनर्स्थापना/अन्य ....................... कामको लागि सहयोगको आवश्यकता परेको हुँदा स्थानीय लैङ्गिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराईदिनु हुन यो निवेदन पेश गरेको छु ।

निवेदकः
नाम, थर ................................
ठेगाना ..................................
दस्तखत ................................

**आज्ञाले**

**प्रमाणीकरण मितिः २०८२/१०/२८ गते**

**(खुमलाल भुसाल)**
**प्रमुख प्रशासकीय अधिकृत**